# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, वैशाख ३ गते, २०८३ साल (संख्या १

## भाग ५

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना-१

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी United Nations Assistance Mission for Iraq (UNAMI) मिसनमा तैनाथ नेपाली शान्ति सैनिकहरू मिसनमा जाँदाका बखत साथमा लिई गएको र हाल मिसन बन्द हुने भएकोले UN को बन्दोबस्तमा फिर्ता हुने अमेरिकी डलर २२,४१९.५० (बाइस हजार चार सय उन्नाइस सेन्ट पचास) मूल्य बराबरको हतियार, एम्युनिशन, एसेसरिज लगायतका सामग्रीको पैठारी गर्दा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर लगायतका अन्य दस्तुर, शुल्क, महसुल वा कर पूर्ण छुट दिने निर्णय मिति २०८२।०८।१६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना -२

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपालबाट बेल्जियमको ब्रसेल्स पुगेका प्रस्तरको परशुरामको मूर्ति (१२ औं शताब्दी), काठको गाता चित्र (११ औं शताब्दी) र काठको टुँडाल जस्ता पुरातात्त्विक महत्वको कलात्मक सामग्री Art Recovery International नामक अन्तर्राष्ट्रिय संस्थाको विशेष पहलमा बेल्जियमको ब्रसेल्सस्थित नेपाली राजदुतावासलाई बुझाएको र नेपाली राजदुतावासबाट नेपाल सरकार, पुरातत्त्व विभागका महानिर्देशकले बुझिलिने गरी नेपाल फिर्ता ल्याउन लागिएको युरो १०,०००.००(दश हजार) मूल्य बराबरको पुरातात्त्विक सामग्री पैठारी गर्दा लाग्ने भन्सार महसुल तथा अन्य दस्तुर, शुल्क, महसुल वा कर छुट दिने निर्णय मिति २०८२।०९।०२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना-३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संवत् २०८२ साल फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचनमा सहजीकरणका लागि भारतीय दुतावास काठमाडौंको नाममा पैठारी भई भारत सरकारबाट नेपाल सरकारलाई अनुदान स्वरुप प्राप्त हुने भारतीय रुपैयाँ ७,४८,५३,४१२.७२ (सात करोड अठचालिस लाख त्रिपन्न हजार चार सय बाह्र पैसा बहत्तर) मूल्य बराबरको एक सय छ थान सवारी साधन पैठारी गर्दा लाग्ने कर तथा भन्सार महसुल पूर्ण छुट दिने निर्णय मिति २०८२।०९।३० मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना-४

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संवत् २०८२ साल फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचनमा सहजीकरणका लागि भारतीय दुतावास काठमाडौंको नाममा पैठारी भई भारत सरकारबाट नेपाल सरकारलाई सहयोग स्वरुप प्राप्त हुने भारतीय रुपैयाँ १८,३८,००,०००.०० (अठार करोड अठतिस लाख) मूल्य बराबरको टियर ग्यास गन लगायतका सामग्री पैठारी गर्दा लाग्ने दस्तुर, शुल्क, महसुल वा कर पूर्ण छुट दिने निर्णय मिति २०८२।१०।०१ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-५

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संवत् २०८२ साल फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचनमा सहजीकरणका लागि नेपाल सरकारलाई भारत सरकारबाट अनुदान स्वरुप प्राप्त हुने भारतीय रुपैयाँ १६,१९,९५,३२२.९५(सोह्र करोड उन्नाइस लाख पन्चानब्बे हजार तीन सय बाईस पैसा पन्चानब्बे) मूल्य बराबरको दुई सय तेइस थान सवारी साधन पैठारी गर्दा लाग्ने कर तथा भन्सार महसुल पूर्ण छुट दिने निर्णय मिति २०८२।१०।१९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-६

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संवत् २०८२ साल फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचनमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहजीकरणका लागि भारतीय दुतावास काठमाडौंको नाममा पैठारी भई भारत सरकारबाट नेपाल सरकारलाई सहयोग स्वरुप प्राप्त हुने भारतीय रुपैयाँ १,२३,०२,०००.०० (एक करोड तेइस लाख दुई हजार) मूल्य बराबरको असवावका सामग्री (Polices Supplies) पैठारी गर्दा लाग्ने कर तथा भन्सार महसुल पूर्ण छुट दिने निर्णय मिति २०८२।१०।२५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-७

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संवत् २०८२ साल फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचनमा सहजीकरणका लागि भारत सरकारबाट नेपाल सरकारलाई सहयोग स्वरुप प्राप्त हुने भारतीय रुपैयाँ २,४१,२५,८५०.०० (दुई करोड एकचालिस लाख पच्चिस हजार आठ सय पचास) मूल्य बराबरको तिस थान सवारी साधन पैठारी गर्दा लाग्ने कर तथा भन्सार महसुल पूर्ण छुट दिने निर्णय मिति २०८२।११।१२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-८

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संवत् २०८२ साल फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचनमा सहजीकरणका लागि भारतीय दुतावास काठमाडौंको नाममा पैठारी भई भारत सरकारबाट नेपाल सरकारलाई सहयोग स्वरुप प्राप्त हुने भारतीय रुपैयाँ १५,५६,८८,३४५.०० (पन्ध्र करोड छपन्न लाख अठासी हजार तीन सय पैंतालिस) मूल्य बराबरको असवावका सामग्री (Polices Supplies) को दोस्रो किस्तामा उपलब्ध गराउने भनिएको मध्ये एअर कार्गोको रुपमा पठाउन नसकेको Electronic Truncheon



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Lights (3000 Units) and Road Blockade (50 units) समेत समावेश गरिएको तेस्रो किस्ता (Tranche) सामग्री पैठारी गर्दा लाग्ने कर तथा भन्सार महसुल पूर्ण छुट दिने निर्णय मिति २०८२।११।१२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-९

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संवत् २०८२ साल फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचनमा सहजीकरणका लागि भारत सरकारबाट नेपाल सरकारलाई सहयोग स्वरुप उपलब्ध भएको भारतीय रुपैयाँ २६,८५,२५४.४८ (छब्बिस लाख पचासी हजार दुई सय चौबन्न पैसा अठचालिस) मूल्य बराबरको विभिन्न सवारी साधनका स्पेयर्स पार्टस् पैठारी गर्दा लाग्ने सम्पूर्ण कर, भन्सार महसुल तथा अन्य शुल्क दस्तुर छुट दिने निर्णय मिति २०८२।११।१२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-१०

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संवत् २०८२ फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचन सहजीकरणका लागि भारतीय दुतावास काठमाडौंको नाममा पैठारी भई भारत सरकारबाट नेपाल सरकारलाई सहयोग स्वरुप प्राप्त हुने भारतीय रुपैयाँ ६,५१,५२,२४०.०० (छ करोड एकाउन्न लाख बाउन्न हजार दुई सय चालिस) मूल्य बराबरको असवावका सामग्री (Polices Supplies) को चौथो किस्ता र पाँचौं किस्ता (Tranche) पैठारी गर्दा लाग्ने कर तथा भन्सार महसुल पूर्ण छुट दिने निर्णय मिति २०८२।११।१२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना-११

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संवत् २०८२ साल फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचनमा सहजीकरणका लागि भारतीय दुतावास काठमाडौंको नाममा पैठारी भई भारत सरकारबाट नेपाल सरकारलाई सहयोग स्वरुप प्राप्त हुने भारतीय रुपैयाँ १,३३,४६,०६०.०० (एक करोड तेतिस लाख छयालिस हजार साठी) मूल्य बराबरको असवावका सामग्री (Polices Supplies) को पैठारी गर्दा लाग्ने दस्तुर, शुल्क, महसुल वा कर पूर्ण छुट दिने निर्णय मिति २०८२।११।१५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-१२

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संवत् २०८२ साल फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचनमा सहजीकरणका लागि भारतीय दुतावास काठमाडौंको नाममा पैठारी भई भारत सरकारबाट नेपाल सरकारलाई सहयोग स्वरुप प्राप्त हुने भारतीय रुपैयाँ १,३४,७७,३२०.०० (एक करोड चौतिस लाख सतहत्तर हजार तीन सय बिस) मूल्य बराबरको असवावका सामग्री (Polices Supplies) को आठौं किस्ता (Tranche) सामग्री पैठारी गर्दा लाग्ने कर तथा भन्सार महसुल पूर्ण छुट दिने निर्णय मिति २०८२।११।१९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-१३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संवत् २०८२ साल फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचनमा सहजीकरणका लागि भारतीय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दुतावास काठमाडौंको नाममा पैठारी भई भारत सरकारबाट नेपाल सरकारलाई सहयोग स्वरुप प्राप्त हुने भारतीय रुपैयाँ २२,८७,०७,१४४.०० (बाइस करोड सतासी लाख सात हजार एक सय चौवालिस) मूल्य बराबरको असवावका सामग्री (Polices Supplies) को सातौं किस्ता (Tranche), नवौं किस्ता (Tranche) र दशौं किस्ता (Tranche) पैठारी गर्दा लाग्ने कर महसुल पूर्ण छुट दिने निर्णय मिति २०८२।११।१९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-१४

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संवत् २०८२ साल फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचनमा सहजीकरणका लागि भारतीय दुतावास काठमाडौंको नाममा पैठारी भई भारत सरकारबाट नेपाल सरकारलाई सहयोग स्वरुप प्राप्त हुने भारतीय रुपैयाँ ३,४३,४३,३०४.०० (तीन करोड त्रिचालिस लाख त्रिचालिस हजार तीन सय चार) मूल्य बराबरको असवावका सामग्री (Polices Supplies) को एघारौं किस्ता (Tranche) र बाह्रौं किस्ता (Tranche) सामग्री पैठारी गर्दा लाग्ने कर तथा भन्सार महसुल पूर्ण छुट दिने निर्णय मिति २०८२।११।२७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-१५

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संवत् २०८२ साल फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचनमा सहजीकरणका लागि भारतीय दुतावास काठमाडौंको नाममा पैठारी भई भारत सरकारबाट नेपाल सरकारलाई सहयोग स्वरुप प्राप्त हुने भारतीय रुपैयाँ ७,००,६९,५००.०० (सात करोड उनान्सत्तरी हजार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पाँच सय) मूल्य बराबरको PARTNER 3955 WB TROOPS CARRIER बिस थान र PARTNER BS6 LX 3955 WBPRISON VAN दश थान सवारी साधन पैठारी गर्दा लाग्ने कर तथा भन्सार महसुल पूर्ण छुट दिने निर्णय मिति २०८२।११।२९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-१६

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संवत् २०८२ साल फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचनमा सहजीकरणका लागि भारतीय दुतावास काठमाडौंको नाममा पैठारी भई भारत सरकारबाट नेपाल सरकारलाई सहयोग स्वरुप प्राप्त हुने भारतीय रुपैयाँ ७,११,८९,०९९.०० (सात करोड एघार लाख उनानब्बे हजार उनान्सय) मूल्य बराबरको असवावका सामग्री (Polices Supplies) को तेह्रौं किस्ता (Tranche), चौधौं किस्ता (Tranche) र पन्ध्रौं किस्ता (Tranche) पैठारी गर्दा लाग्ने कर तथा भन्सार महसुल पूर्ण छुट दिने निर्णय मिति २०८२।११।२९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**भूपाल बराल**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।–
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।